# कक्षा सातमा अध्ययनरत सतारभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषाशिक्षा

विभाग, स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको

नेपा.शि. ५९८को प्रयोजनार्थ

तयार पारिएको

## शोधप्रतिवेदन


## शोधकर्ता

पूर्णचन्द्र पोखरेल

क्याम्पस रोल नं. : १२ (२०६५/६६)

परीक्षा क्रमाङ्क : २१४०२३९/०६७

त्रि.वि.दर्ता नं. :९-१-२१४-२४८-२००२

नेपाली भाषाशिक्षा विभाग

सुकुना बहुमुखी क्याम्पस

इन्द्रपुर, मोरङ


२०६९/२०१२

## शोधनिर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली भाषाशिक्षा विभाग स्नातकोत्तर तह दोस्रो वर्षको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत **"कक्षा सातमा अध्ययनरत सतारभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन"** शीर्षकको शोधपत्र शोधार्थी पूर्णचन्द्र पोखरेलले मेरो निर्देशनमा तयार पार्नुभएको हो । कडा मिहिनेत र लगनशीलताका साथ तयार पारिएको यस शोधकार्यप्रति म सन्तुष्ट रहेको छु । अतः यस शोधपत्रलाई आवश्यक मूल्याङ्कनका लागि विभाग समक्ष सिफारिस गर्दछु ।

**मिति : २०६९**

**शोधनिर्देशक**

**उपप्राध्यापक दीपकप्रसाद न्यौपाने**

**सुकुना बहुमुखी क्याम्पस इन्द्रपुर, मोरङ**

**नेपाली भाषाशिक्षा विभाग**

# कृतज्ञता

प्रस्तुत शोधपत्र मेरा आदरणीय गुरु श्री दीपकप्रसाद न्यौपानेको प्राज्ञिक निर्देशनमा तयार पारेको हुँ । यस शोधपत्रको शीर्षक चयनदेखि शोधकार्यको सम्पादनसम्म पाएको उहाँको समुचित निर्देशन र सहयोगले गर्दा नै यो शोधपत्रले यो स्वरूप प्राप्त गर्न सकेको हो । आफ्नो कार्यव्यस्ततालाई थाति राख्दै निरन्तर रूपमा शोधपत्रलाई परिष्कार र परिमार्जन गरिदिनु भएकोमा म उहाँप्रति हार्दिक आभार प्रकट गर्दछु ।

त्यसै गरी शोधकार्यका लागि सुझाव, सल्लाह र निर्देशन दिई सहयोग गर्नुहुने सु.ब. क्याम्पसका सहायक क्याम्पस प्रमुख श्री प्रेमप्रसाद भट्टराई एवम् नेपाली विभागाध्यक्ष श्री अमृतप्रसाद आचार्य तथा आदरणीय गुरुहरू श्री मेघनारायण श्रेष्ठ र श्री गेहेन्द्र खनालप्रति म कृतार्थ छु ।

मेरो शैक्षिक उन्नयनमा निरन्तर हौसला एवम् प्रेरणा दिई आजको यस अवस्थासम्म ल्याइपुऱ्याउन भरमग्दुर सहयोग गर्नुहुने पुजनीय बुबा रूद्रप्रसाद पोखरेल, ममतामयी आमा राधादेवी पोखरेल र ठूलीआमा कमलादेवी आचार्यप्रति म सदा ऋणी छु साथै अन्य परिवारजन तथा शुभचिन्तकप्रति पनि आभार प्रकट गर्दछु ।

शोधपत्र तयार पार्ने क्रममा अवश्यक सामग्री सङ्कलन गर्नदेखि लेखनकार्यको अन्त्यसम्म सहयोग गर्नुहुने सम्पूर्ण अनुसन्धेय विद्यालयका प्राचार्य तथा प्रधानाध्यापकज्यूहरू र श्री मङ्गल मुर्मुलाई हृदयदेखि नै धन्यवाद दिन चाहन्छु ।

प्रगतिपथमा आगाडि बढ्नका लागि समयमै शोधपत्र तयार पार्नुपर्छ भनी प्रेरकको भूमिका निर्वाह गर्नुहुने आत्मीय मित्रहरू धनेकुमार माझी, विश्व राई, इन्दिरा राई र सुशीला दाहाल तथा सु. ब.क्या. परिवारलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यस शोधपत्रलाई शुद्धसँगले कम्प्युटर टङ्कण गरिदिने टिना कम्प्युटर सेन्टर इन्द्रपुर २ का प्रोपाइटर श्री यज्ञमणी निरौलालाई धन्यवाद दिँदै प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनका निम्ति नेपाली भाषाशिक्षा विभाग समक्ष पेस गरेको छु ।

पूर्णचन्द्र पोखरेल

# शोधसार

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली भाषाशिक्षा विभाग स्नातकोत्तर तह दोस्रो वर्षको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत **कक्षा सातमा अध्ययनरत सतारभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन** शीर्षकको शोधपत्र निम्नलिखित समस्यामा केन्द्रित रहेको छ :

(क) सतारभाषी विद्यार्थीहरूले नेपालीभाषाको वाक्यगठनमा के कस्ता त्रुटिहरू गर्छन् ?

(ख) त्यस्ता त्रुटिहरूलाई कसरी वर्गीकरण गर्न सकिन्छ ?

(ग) त्यस्ता त्रुटिहरू के काररणले हुन्छन् ?

(घ) त्यस्ता त्रुटिहरू निराकरणका लागि के कस्ता उपायहरू सुझाउन सकिन्छ ?

उपर्युक्त समस्यामा केन्द्रित रहेको यो शोधपत्र निम्नलिखित उद्देश्य प्राप्तिका दिशामा केन्द्रित रहेको छ :

(क) सतारभाषी विद्यार्थीहरूले नेपाली भाषाको वाक्यगठनमा गर्ने त्रुटिहरू पहिल्याउनु,

(ख) त्यस्ता त्रुटिहरूको वर्गीकरण गर्नु,

(ग) त्यस्ता त्रुटिहरू हुनका कारणहरू पत्ता लगाउनु,

(घ) त्यस्ता त्रुटिहरू निराकरणका लागि उपायहरू सुझाउनु ।

सतारभाषी विद्यार्थी नेपालको झापा जिल्लामा मात्र सीमित नभई मोरङ र सुनसरीमा अधिक मात्रामा र अन्य जिल्लामा फाट्टफुट्ट रूपमा रहेका छन् भने नेपाल बाहिर छिमेकी राष्ट्र भारतको विहारका केही भागमा यिनीहरूको राम्रो उपस्थिति रहेको देखिन्छ । यी विभिन्न भागमा छरिएर रहेका सम्पूर्ण सतारभाषी विद्यार्थीहरूले स्तरीय नेपाली शब्दनिर्माण गर्दा गर्ने त्रुटिहरूको अध्ययन गर्न यस शोधपत्रमा असम्भव या कठिन हुने हुनाले यहाँ झापा जिल्लामा पर्ने बैगुन्धुरा गा.वि.स.का श्री अमर उ.मा.वि., श्री लेखनाथ नि.मा.वि. र श्री बैगुन्धुरा इङ्लिस स्कुल त्यसैगरी, माहाभारा गा.वि.स.मा पर्ने श्री बालकल्याण उ.मा.वि. र श्री जनकल्याण नि.मा.वि. का कक्षा सातमा अध्ययनरत ६० जना सतारभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनका लिङ्ग, वचन, पुरुष र आदरमा गर्ने त्रुटिहरूमा मात्र सीमित रहेर तयार पारिएको छ ।

पूर्ण रूपमा क्षेत्रीय सामग्री सङ्कलन विधि र आंशिक रूपमा पुस्तकालयीय विधिमा आधारित रहेर तयार पारिएको प्रस्तुत शोधपत्र निम्न पाँच अध्यायमा प्रबन्धन गरिएको छ :

अध्याय : एक

शोधपरिचय शीर्षकको यस अध्यायमा शोधशीर्षक, शोधको प्रयोजन, समस्याकथन, शोधकार्यका उद्देश्यहरू, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य, शोधकार्यको सीमा, शोधविधि र शोधपत्रको रूपरेखामा आधारित भई अध्ययन विश्लेषण गरिएको छ ।

अध्याय : दुई

त्रुटिविश्लेषण मूल शीर्षक रहेको यस अध्यायमा त्रुटिविश्लेषणको सैद्धान्तिक पृष्ठभूमि, त्रुटिको वर्गीकरण, भाषाकोटिका आधारमा, स्रोतका आधारमा र गम्भीरताका आधारमा आधारित भई अध्ययन विश्लेषण गरिएको छ ।

अध्याय : तीन

सङ्गतिका आधारमा नेपाली र सतार भाषाको वाक्यगठनको व्यतिरेकी अध्ययन मूल शीर्षक रहेको यस अध्यायमा व्यतिरेकी अध्ययन, लिङ्गका आधारमा नेपाली भाषा र सतार भाषाको वाक्यगठन, वचनका आधारमा नेपाली भाषा र सतार भाषाको वाक्यगठन, पुरुषका आधारमा नेपाली भाषा र सतार भाषाको वाक्यगठन, आदरका दृष्टिले नेपाली भाषा र सतार भाषाको वाक्यगठन र सारांशका आधारमा आधारित भई अध्ययन विश्लेषण गरिएको छ ।

अध्याय : चार

सबैभन्दा महत्त्वपूर्ण अध्यायको रूपमा रहेको यस अध्यायमा वाक्यगठनसम्बन्धी समग्र त्रुटिहरूको व्याख्या तथा विश्लेषण भित्र परिचय, लिङ्गगत त्रुटि, वचनगत त्रुटि, पुरुषगत त्रुटि, आदरगत त्रुटि, समग्रमा वाक्यगठनगत त्रुटिको तथ्याङ्कीय विश्लेषण, लिङ्गका विभिन्न पक्षमा देखिएका त्रुटिहरूको तथ्याङ्कीय विश्लेषण,वचनका विभिन्न पक्षमा देखिएका त्रुटिहरूको तथ्याङ्कीय विश्लेषण र प्रश्नका आधारमा वाक्यगठनगत त्रुटिहरूको तथ्याङ्कीय विश्लेषणमा आधारित भई विस्तृत अध्ययन विश्लेषण गरिएको छ ।

अध्याय : पाँच

यस अध्यायमा सम्पूर्ण अध्ययनको निष्कर्ष र सुझावहरूका साथै थप अध्ययनको आवश्यकता एवम् शैक्षिक प्रयोजन उल्लेख गरिएको छ ।

# विषयसूची

**शीर्षक** **पेज नं.**

## अध्याय : एक

## शोधपरिचय


१.१ शोधशीर्षक १

१.२ शोधको प्रयोजन १

१.३ समस्याकथन १

१.४ शोधकार्यका उद्देश्यहरू १

१.५ पूर्वकार्यको समीक्षा २

१.६ अध्ययनको औचित्य ६

१.७ शोधकार्यको सीमा ८

१.८ शोधविधि ८

  १.८.१ जनसङ्ख्या तथा प्रतिनिधि नमुना छनोट ८

  १.८.२ सामग्री निर्माण ९

  १.८.३ व्याख्या, विश्लेषण र प्रस्तुतीकरण, ९

  १.८.४ शोधको परीक्षण प्रक्रिया ९

१.९ शोधपत्रको रूपरेखा १०


## अध्याय : दुई

## त्रुटिविश्लेषण


२.१ त्रुटिविश्लेषणको सैद्धान्तिक पृष्ठभूमि ११

  २.१.१ त्रुटिविश्लेषणको परिचय ११

  २.१.२ त्रुटिविश्लेषण प्रक्रिया १२

२.२ त्रुटिको वर्गीकरण १४

  २.२.१ विकासशीलताका आधारमा १५

२.३ भाषाकोटिका आधारमा १६

  २.३.१ उच्चारणगत त्रुटि १६

२.३.२ वर्णविन्यासगत त्रुटि १६
२.३.३ शैलीगत त्रुटि १६
२.३.४ शब्दभण्डारगत त्रुटि १६
२.३.५ व्याकरणगत त्रुटि १६
२.४ स्रोतका आधारमा १६
२.४.१ भाषान्तरिक त्रुटि १६
२.४.२ अन्तरभाषिक त्रुटि १७
२.५ गम्भीरताका आधारमा १७
२.५.१ अर्थघातक त्रुटि १७
२.५.२ अर्थअघातक त्रुटि १७

## अध्यायय तीन

## सङ्गतिका आधारमा नेपाली र सतार भाषाको वाक्यगठनको व्यतिरेकी अध्ययन

३.१ व्यतिरेकी अध्ययन १८
३.२ लिङ्गका आधारमा नेपाली भाषा र सतार भाषाको वाक्यगठन १८
३.२.१ कर्ता (मानविय) र क्रियापद १९
३.२.२ विशेष्य र विशेषण २०
३.२.३ भेदक र भेद्य (मानवीय कर्ता ) २२
३.२.३.१ कर्ता र क्रियापद (मानवेतर, सजीव) २३
३.३ वचनका आधारमा नेपाली भाषा र सतार भाषाको वाक्यगठन २४
३.३.१ कर्ता र क्रियापद २४
३.३.२ विशेष्य र विशेषण २५
३.३.३ भेदक र भेद्य २६
३.४ पुरुषका आधारमा नेपाली भाषा र सतार भाषाको वाक्यगठन २८
३.५ आदरका दृष्टिले नेपाली भाषा र सतार भाषाको वाक्यगठन ३०
३.६ सारांश ३२

## अध्याय : चार

## वाक्यगठनसम्बन्धी समग्र त्रुटिहरूको व्याख्या तथा विश्लेषण


४.१ परिचय ३४

४.१.१ लिङ्गगत त्रुटि ३४

४.१.१.१ कर्ता (मानवीय) र क्रियापदसम्बन्धी त्रुटि ३४

४.१.१.२ विशेष्य र विशेषणसम्बन्धी त्रुटि ३५

४.१.१.३ भेदक र भेद्यसम्बन्धी त्रुटि ३६

४.१.२ वचनगत त्रुटि ३७

४.१.२.१ कर्ता र क्रियापदसम्बन्धी त्रुटि ३७

४.१.२.२ विशेष्य र विशेषणसम्बन्धी त्रुटि ३८

४.१.२.३ भेदक र भेद्यसम्बन्धी त्रुटि ३९

४.१.३ पुरुषगत त्रुटि ३९

४.१.४ आदरगत त्रुटि ४०

४.२ समग्रमा वाक्यगठनगत त्रुटिको तथ्याङ्कीय विश्लेषण ४१

४.३ लिङ्गका विभिन्न पक्षमा देखिएका त्रुटिहरूको तथ्याङ्कीय विश्लेषण ४२

४.४ वचनका विभिन्न पक्षमा देखिएका त्रुटिहरूको तथ्याङ्कीय विश्लेषण ४३

४.५ प्रश्नका आधारमा वाक्यगठनगत त्रुटिहरूको तथ्याङ्कीय विश्लेषण ४३

४.५.१ लिङ्गगत त्रुटि ४४

४.५.२ वचनगत त्रुटि ४४

४.५.३ पुरुषगत त्रुटि ४५

४.५.४आदरगत त्रुटि ४६


## अध्याय : पाँच

## निष्कर्ष र सुझाव


५.१ निष्कर्ष ४७

५.२ सुझावहरू ५०

५.३ थप अध्ययनको आवश्यकता ५५

५.४ शैक्षिक प्रयोजन ५६
सन्दर्भसूची
परिशिष्ट

## तालिकासूची


| तालिका नं. | तालिका शीर्षक | पृष्ठ |
|---|---|---|
| १ | आदरका दृष्टिले नेपाली भाषा र सतार भाषाको वाक्यगठन | ३१ |
| २ | समग्रमा वाक्यगठनगत त्रुटिको तथ्याङ्कीय विश्लेषण | ४२ |
| ३ | लिङ्गका विभिन्न पक्षमा देखिएका त्रुटिहरूको तथ्याङ्कीय विश्लेषण | ४२ |
| ४ | वचनका विभिन्न पक्षमा देखिएका त्रुटिहरूको तथ्याङ्कीय विश्लेषण | ४३ |
| ५ | लिङ्गगत त्रुटि | ४४ |
| ६ | वचनगत त्रुटि | ४४ |
| ७ | पुरुषगत त्रुटि | ४५ |
| ८ | आदरगत त्रुटि | ४६ |